# पोखरा लेखनाथ महानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## न्यूरोड ,कास्की,४ न.प्रदेश, नेपाल

### मसलन्द सामग्रीहरु,विद्युतिय सामान र छपाई सामग्रीहरु सम्वन्धि शिलवन्दी वोलपत्रको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०३।२८ गते

सूचना नंवर : २७

पोखरा लेखनाथ महानगरपालिका कार्यालयको लागि आ.व. २०७५।०७६ को मसलन्द सामग्री,विद्युतिय सामाग्री र छपाई पटकपटक खरिद कार्य गर्नका लागि इजाजत प्राप्त फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तका अधिनमा रही शिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धीतको लागि सुचित गरिएको छ ।

१. बोलपत्र सम्बन्धी कागजातको सुचना प्रथम पटक प्रकाशित आ.ब.२०७३।२०७४ को करचुक्ता प्रमाणपत्र,चालु आ.ब.को लागि नविकरण गरेको इजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्र.पत्रको प्रतिलिपी संलग्न राखि निवेदन साथ प्रत्येक प्याकेजको लागि रु ३,०००/- (तीन हजार रुपैया) का दरले दस्तुर (फिर्ता नहुने गरी) यस पोखरा लेखनाथ महानगरपालिका कार्यालयवाट २०७५।०४।२५ गते कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात २०७५।०४।२७ गते दिनको १२ वजे भित्र यस महानगरपालिकाको कार्यालयमा बोलपत्र सि.नं. १ मा उल्लेखित प्रमाण पत्रहरु संलग्न राखि शिलबन्दी वोलपत्र पेश गर्नु पर्नेछ । साथै बोलपत्र खामको बाहिर कामको नाम, बोलपत्रदाताको फर्मको नाम र ठेगाना स्पष्ट लेख्नु पर्नेछ । दाखिला भएको बोलपत्र सोहि दिन दिनको १ वजे पछी बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा वा निजहरु उपस्थित नभए पनि यस कार्यालयमा खोलिने छ ।

३. बोलपत्र खरिद गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. वोलपत्र दस्तुर को लागि यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक शाखाको बैंक खाता नंवर ३०२०३०४०१८१०६
वोलपत्र जमानतको लागि बैंक खाता नं ३०२०३०३००७१०६

५. बोलपत्र स्वीकृत भएमा कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत स्वीकृत अंकको ५%(पांच प्रतिशत) ले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक शाखामा रहेको ३०२०३०३००७१०६ खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा न्युनतम १ वर्ष अवधि राखि जारी गरिएको बैंक जमानी पत्र संलग्न राखि संझौता गर्नु पर्नेछ ।

६. बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउमा सही छाप गरेको हुनु पर्नेछ ।

७. कुनै आइटममा दररेट उल्लेख गरेको नपाइएमा अन्य आइटमको दररेटमा समावेश भएको मानिनेछ ।

८. रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

९. बोलपत्रको मान्य अवधि बोलपत्र खुल्ने मितिले १२० (एक सय विस) दिनको हुनेछ ।

१०. प्राप्त बोलपत्र आंशिक वा पुर्ण रुपमा स्विकृत गर्ने वा रद्व गर्ने तथा जुनसुकै अवस्थामा पनि खरिद प्रक्रिया रद्व गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. बोलपत्रदताले कुनै एक वा सवै ठेक्कामा बोलपत्र पेश गर्न सक्नेछ । सवै ठेक्कामा बोलपत्र पेश गर्न वोलपत्रदाताले अलग अलग खाममा छुट्टा छुट्छुटै खामबन्दि गरी पेश गर्नुपर्नेछ ।

१३. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ वमोजिम हुनेछ ।

१४. यस सम्बन्धमा थप कुरा वुझ्नु परेमा कार्यालय समय भित्रमा यस कार्यालयको सम्पर्क गर्न सकिने छ ।

१५. महानगरपालिकाको कार्यालयले आदेश गरी पठाइएका सामानहरु जुन जुन वडा कार्यालयको नाममा सिफरिस गरिएको सोही सोही वडामा एकमुष्ट रुपमा मासिक तथा चौमासिक रुपमा ढुवानीको व्यवस्था सम्वन्धित सप्लायर्सले नै गर्नु पर्ने छ ।

**तपसिल**

| ठेक्का नं | कामको विवरण | रकम (मूल्य अभिवृद्धि कर समेत)रु | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|
| ५१।२०७४।७५ | मसलन्द सामग्रीहरु | ६०,२४,८५०.०० | १,५४,०००.०० | |
| ५२।२०७४।७५ | छपाई | ५९,०४,०५०.०० | १,५१,०००.०० | |

प्रमुख प्रशासकिय अधिकृत